मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : २२१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ असार २२ गते मंगलवार (Tuesday, July 6. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

''आर्थिक सशक्तिकरणसहितको सामाजिक जागरण: ग्रामीण तथा शहरी महिलाको जीवनस्तर रुपान्तरण''

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## सट्टेबाजी गर्ने ८ जना पक्राउ



**झापा, असार २१।** युरोकप- २०२० लगायतका खेलहरुमा सट्टाबाजी गर्ने आठ जनालाई नगदसहित प्रहरीले पक्राउ गरेको छ ।

युरोप र अमेरिकामा सञ्चालन भइरहेको युरोकप-२०२० र कोपा अमेरिका कप फुटबल खेलमा अनलाइनमार्फत बाजी राख्दा जितिन्छ भन्ने विश्वास दिलाई प्रलोभनमा पार्दै रकम असुली गर्ने ८ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुको साथबाट सट्टेबाजीमा प्रयोग भएका मोबाइल र नगद बरामद भएको छ । उनीहरुलाई मुलुकी अपराध संहिता २०७४को दफा १२५को उपदफा ४ बमोजिम कसुरमा सजाय हुने बताइएको छ । पक्राउ पर्नेमा काठमाडौं-४ सुकेधारा बस्ने राजेन्द्र श्रेष्ठ प्रधान, काठमाडौ-१९ ढोकाटोल बस्ने जीवन लामा, पर्सा बिरगञ्ज-७ घर भई हाल कुलेश्वर बस्ने सुरज टिवडेवाल, भारत बिहार पुर्बिचम्पारण जिल्ला रक्सौल घर भई हाल कुलेश्वर बस्ने अशोक कुमार गुप्ता, जिल्ला चितवन खैरहनी- ५ टरौली घर भई हाल धापासी बस्ने गोबिन्दप्रसाद आचार्य, भारत हरियाना विवरनी जिल्ला घर भई हाल इन्द्रचोक बस्ने राजेशकुमार अग्रवाल, भारत राजस्थान झुनझुन जिल्ला सुरजगढ घर भई हाल क्षेत्रपाटी बस्ने सुचित डालमिया अग्रवाल र जिल्ला मोरङ बिराटनगर-७ घर भई मरुटोल बस्ने अमरनाथ गुप्ता रहेका छन् ।

त्यस्तै नेपाल प्रहरीले रु. ४५ लाख जरिवाना ठहर भएपछि फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनले रु. ४५ लाख जरिवना गरेपछि फरार रहेका ललितपुर महानगरपालिका-१ कुपण्डोलका ५० वर्षीय शिशिर शम्शेर जबरालाई पक्राउ गरेको हो ।

ब्यूरोका प्रवक्ता एवम् प्रहरी उपरीक्षक श्यामकुमार महतोले उच्च अदालत पाटनको वि.सं. २०७७ माघ २६ को फैसलापछि १० दिन कैद र बिगो बमोजिम रु. ४५ लाख जरिवनापछि फरार रहेका जबरालाई आज काठमाडौँको बिजुली बजारबाट पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ परेका उनले आफ्नो नविल बैंकको खातामा पर्याप्त मौज्दात नहुँदा नहुँदै विभिन्न व्यक्तिलाई झुक्यानमा पारी चेक दिएर बैंकिङ कसुरजन्य अपराध गरेका थिए ।

उच्च अदालतले उनलाई बैंकिङ कसूर तथा सजाया ऐन २०६४ को दफा ३ (ग) बमोजिमको कसूरमा दफा १५ (१) बमोजिम उल्लेखित सजाय हुने गरी फैसला सुनाएको थियो ।

पक्राउ परेका उनलाई फैसला कार्यान्वयनका लागि आज ललितपुर जिल्ला अदालतमा पेश गरिएको प्रवक्ता महतोले बताए ।

सुरक्षित नागरिक आवास कार्यक्रम


## विपन्नलाई छानो फेर्न सकस

**पार्थ मण्डल**

**झापा, असार २१।** अन्दाजी ७४ वर्षीय बृद्ध सञ्चमान राई फुसको छानो फेरेर बर्खा अघि पानी नचुहिने नयाँ घर बनाएर बस्छु भन्दै निक्कै खुशी थिए । इलामको रोङ गाउँपालिका-४ ओझेली टोल निवासी वृद्ध राईले मनशुन शुरु हुनुअघि नै फुसले बनाएको खरको झुप्रो भत्काएरमाथि जस्तापाता (टिना) र वरिपरि चित्रा हालेर नयाँ घर बनाउने योजनाका साथ काम शुरु गरे ।

सरकारले सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत विपन्न तथा असहाय परिवारको पहिचान गरी पराल र खरको छाना घर भएका परिवारलाई ५० हजार दिने भएपछि गाउँपालिकाले उनको नाम छानो फेर्नमा दर्ता गरायो । गाउँपालिकाबाट नयाँ घर बनाए बापत ५० हजार आउने आशामा उनले बस्दै आएको खरको झुप्रो भत्काए । उनले ऋणपान गरेर घर बनाउने काम शुरु गरे । तर, घर बनाउँदै जाँदा उनको बैङ्क खातामा पैसा नआएपछि उनी अहिले निराश बनेका छन् । 'बस्दै आएको झुप्रो भत्काएर घर बनाउन थालेँ, तर पैसा पाइएन'- उनले भने- 'अब यो बर्खा कसरी कटाउने होला, गाउँपालिकाले कहिले पैसा दिने हो र घर बनाउला त्यसको पनि अत्तोपत्तो छैन ।'

यता घर बनाउने पैसा माग्दै बृद्ध राई दिनमा एकपटक आफूलाई भेट्न घरमै आइपुग्ने गरेको गाउँपालिका उपाध्यक्ष चन्द्रकला राईले बताइन् । कान कम सुन्ने, असहाय उनको पीडा देखेर आफूलाई पनि हीनताबोध भइरहेको गाउँपालिकाकी उपाध्यक्ष राईले बताइन् । उनलाई गाउँपालिकाले तीन दिनअघि मात्र पहिलो किस्ता बापतको ३० हजार रकम दिएको उनले बताइन् । झुप्रो भत्काएर घर बनाउनुहोस्, सरकारले पैसा दिन्छ भनेपछि उनीसहित सबै विपन्न परिवारले घर बनाउन थालेका हुन्- उनले भनिन्- 'सरकारले पर्याप्त पैसा नपठाउँदा अहिले गाउँपालिकाभरि छानो फेर्ने सबै विपन्न परिवारको अवस्था उस्तै छ ।' रोङ गाउँपालिका-६ निवासी अन्दाजी ६० वर्षीय होमबहादुर लाप्चाको अवस्था पनि त्यस्तै छ । गाउँपालिकाले उनको नाम पनि छानो फेर्नेमा दर्ता गर्‍यो । तर, घर बनाउने थप पैसा सरकारले गाउँपालिकालाई नपठाएको जानकारी पाएपछि उनले घरको छानो फेर्ने आँट नै नगरी त्यतिकै बसिरहेका छन् ।



सोही वडा निवासी ३६ वर्षीय केशर सापकोटाले घरको छानो फेरेर बसिरहेका छन् । उनले पहिलो किस्ता ३० हजार पाइसकेको छन् । उनी दोस्रो किस्ता २० हजार माग्दै गाउँपालिका धाइरहेका छन् । त्यस्तै सोही वडाका ५८ वर्षीय मनबहादुर राईले जसोतसो घर बनाउन शुरु गरेर पहिलो किस्ता पाए, दोस्रो किस्ता नपाउँदा उनले पनि जस्तापाता फेर्न सकेका छैनन् । घर बनाउन कर्जा लिएका उनी थप समस्यामा परेका छन् । एकातिर कोरोना कहर अर्कोतिर घर बनाउने कर्जा तिर्न नसक्दा उनी पीडामा रहेको रोङ-६ नम्बर वडाध्यक्ष मणिकुमार स्याङ्बो (सुवास)ले बताए । सरकारले सुरक्षित नागरिक आवास कार्यक्रममार्फत विपन्न परिवारको छानो फेर्ने कार्यक्रम त ल्यायो, तर बजेट नपठाउँदा सरकारको यो कार्यक्रम पनि ओझेलमा पर्ने सम्भावना बढ्यो- वडाध्यक्ष स्याङ्बोले भने- 'गाउँपालिकाले छनौट गरेर छानो फेर्ने लगाएको विपन्न परिवारको अपुग रकम सरकारले तुरुन्त पठाउनुपर्छ ।'

५० हजारमा छानो फेरेर घर बनाउन लगाउँदा विपन्नलाई थप आर्थिक सङ्कट देखिएकोले सरकारले एक विपन्न परिवारलाई कम्तीमा एक लाख रुपैयाँसम्म दिनुपर्ने उनको माग छ । सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गाउँपालिकाले छानो फेर्ने १४६ विपन्न परिवारको छनौट गरेको थियो । त्यसका लागि ७३ लाख बजेट सरकारले पठाउनु पर्ने गाउँपालिकाकी उपाध्यक्ष राईले बताइन् । उनका अनुसार सरकारले गाउँपालिकालाई पहिलोपटक २० लाख ९९ हजार र दोस्रोपटक ३४ लाख ५६ हजार बजेट पठाएको थियो । आर्थिक वर्ष सकिन लाग्दा अझै १७ लाख ४५ हजार अपुग रहेको उनको भनाइ छ । इलामको रोङ गाउँपालिकामा मात्रै यो समस्या देखिएको होइन ।

**चार जिल्लामा १५ हजार ८६१ विपन्न छनौट**

साबिक मेची अञ्चलका चार जिल्ला झापा, इलाम, पाँचथर र ताप्लेजुङमा सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रममा १५ हजार ८६१ लाभग्राहीले सम्बन्धित जिल्लाको पालिकासँग सम्झौता गरेको सघन शहरी विकास तथा भवन निर्माण आयोजना झापाका प्रमुख राजेन्द्र खतिवडाले जानकारी दिए ।

आयोजना कार्यालयको तथ्याङ्क अनुसार ताप्लेजुङ जिल्लाको फक्ताङलुङ गाउँपालिकाका २४५,

(बाँकी अन्तिम पृष्ठमा)

## डुबेर र लडेर तीन जनाको मृत्यु

**सुनसरी, असार २१।** सुनसरीको कोशी गाउँपालिका-५का अजल मियाका ९ बर्षीय छोरा इर्फान मियाको पानी जमेको खाल्डोमा डुबेर मृत्यु भएको छ ।

घर नजिकै खेल्ने क्रममा सोही स्थानमा रहेको पानी जमेको खाल्डोमा अचानक डुबेका बालक मियाको उपचारको क्रममा जिल्ला अस्पताल इनरुवामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

उता उदयपुरको रौतामाई नगरपालिका-४ माल्वाँसेका १३ बर्षीय बालक बिशाल सार्कीको भीरबाट लडेर मृत्यु भएको छ । घर नजिकै रहेको जंरगेडाँडा भीरमा बाख्रा चराउन गएका बालकको आइतवार सोही भीरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

त्यस्तै सोलुखुम्बूको खुम्बुपासाङ लाम्हु गाँउपालिका

(बाँकी अन्तिम पृष्ठमा)

लक्ष्मी मावि प्रकरण

## टेण्डर प्रक्रिया नै त्रुटीपूर्ण

**झापा, असार २१।** कचनकवल गाउँपालिका-६ बनियानीस्थित लक्ष्मी माध्यमिक विद्यालयले सार्वजनिक खरिद ऐनको धज्जी उडाउँदै नीति नियम मिचेर दर्ता नभएको फर्मलाई टेन्डर स्वीकृत गरेको छानबिन समितिले ठहर गरेको छ ।

लक्ष्मी माविले नियम विपरीत टेन्डर स्वीकृत गरेको खुलासा शीर्षकमा पूर्वाञ्चल दैनिकमा समाचार प्रकाशित भएपछि कचनकवल गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख छवि बस्नेत नेतृत्वमा गएको तीन सदस्यीय छानबिन समितिले सोमबार बिहान विद्यालय पुगेर टेन्डर प्रक्रिया सम्बन्धी सम्पूर्ण खातापाता जाँच गरेको थियो ।



प्रधानाध्यापक बुढाथोकी

खातापाता जाँच गर्दा विद्यालयले दर्ता नभएको मेघा नाम गरेको फर्मलाई सार्वजनिक खरिद ऐन विपरीत टेन्डर स्वीकृत गरेको देखिएको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख बस्नेतको दाबी छ ।

'विद्यालयको टेन्डर प्रक्रियामा नै त्रुटि देखियो'- शाखा प्रमुख बस्नेतले भने, टेन्डर प्रक्रिया सम्बन्धी सम्पूर्ण प्रमाणित कागजात लिएर आएका छौँ, अब छानबिन समितिले त्यही आधारमा लिखित प्रतिवेदन तयार पारेर गाउँपालिकालाई बुझाउने छ । त्यसपछि गाउँपालिकाले विद्यालयलाई गर्ने कारबाही प्रक्रिया अघि बढाउने उनले बताए । छानबिन समितिका सदस्य तथा गाउँपालिका इञ्जिनियर अमित ढुङ्गानाका अनुसार विद्यालयको टेन्डर प्रक्रिया धेरै त्रुटी देखिएको छ ।

विद्यालय व्यवस्थापन समितिको बैठक बसी निर्णय गरेर खुलाइएको १५ दिने सिलबन्दी बोलपत्र (कोटेशन) आव्हान विद्यालय र गाउँपालिकामा मात्र टाँस गरेको

(बाँकी अन्तिम पृष्ठमा)

## बास्मती धानको व्यावसायिक खेती

**झापा, असार २१।** पकाउँदा र भोजन गर्दा समेत मगमग बास्ना चल्ने स्वादिस्ट बास्मती चामललाई संरक्षण गर्ने ध्येयले राष्ट्रिय खाद्य बैंक कम्पनीले मुलुकका विभिन्न जिल्लामा बासमती धानको व्यावसायिक खेती शुरुवात गरेको छ ।

झापा, कैलाली, बर्दिया र कास्कीलगायतका जिल्लामा यस वर्ष ५०० बिगाहा जग्गा भाडामा लिएर कम्पनीले बासमती धानको बीउ रोप्न शुरुवात गरेको कम्पनीका अध्यक्ष शंकरनाथ उप्रेतीले बताए । कम्पनीले झापाको गौरादह नगरपालिका वडा नं. २ र ७ मा ५० बिगाहा जग्गा लिजमा लिएर बासमती धानको खेती शुरु गरेको छ ।

शनिवार सयभन्दा बढी रोपाहार लगाएर परम्परागत रुपमै धुमधामका साथ रोपाइ गरेको थियो । स्थानीय १३ किसानको ५बिगाहा जमिन प्रतिबिगाहा वार्षिक रु. ३५ हजारका दरले भाडामा लिइएको उनले जानकारी दिए । आगामी वर्षदेखि

(बाँकी अन्तिम पृष्ठमा)

## सार्वजनिक यातायात खुल्ला

**झापा, असार २१।** कोरोना महामारीका कारण बन्द रहेका सार्वजनिक यातायातका साधन सञ्चालन हुने भएका छन् ।

जिल्ला प्रशासन कार्यालय झापामा आइतवार बसेको डीसीसीएमसीको बैठकले निषेधाज्ञा खुकुलो बनाउँदै जोर-बिजोर प्रणाली अपनाएर सार्वजनिक यातायातका साधन सञ्चालन हुन दिने निर्णय गरेपछि सार्वजनिक यातायात सञ्चालन हुने भएका हुन् । सार्वजनिक बससहित अन्य सवारीसाधन जोर-बिजोर प्रणाली अनुसार झापा, मोरङ, सुनसरी र इलाम जिल्लासम्म स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाएर चलाउन पाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले जानकारी दिएका छन् ।

त्यस्तै बजार तथा पसलको हकमा व्यवसायीले बिहान ६ बजेदेखि बेलुका ५ बजेसम्मका लागि सञ्चालन गर्न पाउने निर्णय गरेको छ । होटल तथा रेष्टुरेन्टहरुले टेक-अबे सेवा बेलुका ५ बजेसम्म सञ्चालन गर्न पाउने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले बताए । निषेधाज्ञा असार ३१ गतेसम्मका लागि खुकुलो बनाउँदै कायम गरिएको छ ।

**निर्णयमा के-के छ ?**

**१. सर्वसाधारणका लागिः–**

क. अत्यावश्यक कामका लागि बाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने । खाद्य पदार्थ खरिद लगायत अन्य कामका लागि घरबाट बाहिर निस्कँदा अनिवार्य मास्कको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने र कुनै पनि भीडभाड नगरी स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने ।

ख. हाट बजार, मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भीडभाड हुने कार्य नगर्ने नगराउने ।

ग. कोरोनाको लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहको आइसोलेसन सेन्टरमा सम्पर्क राख्ने ।

**२. कार्यालय सञ्चालन सम्बन्धमाः–**

क. सरकारी, सार्वजनिक संस्थान, वीमा लगायतका कार्यालयहरुले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी/ गराई भीडभाड नगरिकन आलोपालो प्रणाली अवलम्वन गरी सेवा प्रवाह गर्ने ।

ख. सरकारी, सार्वजनिक संस्थान, बैंक तथा वीमा लगायतका कार्यालयका कर्मचारीहरुले कर्मचारी परिचय-पत्रका आधारमा सरकारी तथा निजी सवारी साधनमा आवतजावत गर्न पाउने ।

**३. बैंक/वित्तीय संस्था सम्वन्धमाः–**

क. बैक तथा वित्तीय संस्थाहरुले बैंकिङ्ग कारोबार स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी/गराई सञ्चालन गर्ने ।

**४. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः–**

क. औषधि र स्वास्थ्य सामग्री, इन्धन (पेट्रोल/डिजल स्टेसन, एलपी ग्यास) बाहेक अन्य पसल तथा व्यवसाय पूर्ण रुपमा बन्द गर्ने तर खाद्यान्न, फलफूल, तरकारी, माछामासु, दूध डेरी, पुस्तक, हार्डवेयर तथा निर्माणजन्य सामग्री, इलेक्ट्रोनिक, टेलरिङ्ग, ड्राईक्लिनर्स, लत्ताकपडा, जुत्ता चप्पल, सुनचाँदी, कस्मेटिक, भाँडा, गाडी/मोटरसाइकल शोरुम, प्लास्टिक तथा मेसिनरी, फर्निचर पसल बिहान ६:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म सञ्चालन गर्न पाइने । माथि उल्लेखित पसलहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, सोको प्रभावकारी अनुगमन सम्वन्धित स्थानीय तह, स्थानीय उद्योग वाणिज्य संघ तथा स्थानीय प्रहरी इकाइहरुले गर्ने ।

ख. होटल तथा रेष्टुरेन्टहरुले वेलुका ५:०० बजेसम्म सामाजिक दूरी तथा स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी सञ्चालन गर्न पाउने । वेलुका ५:०० बजेपछि टेक-अवे सेवा मात्र सञ्चालन गर्न पाइने ।

ग. मलखाद, वीऊ-विजन, कुखुराका चल्ला, दाना, पशुपंक्षीका आहार लगायत कृषि सम्वन्धी पसल स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी विहान ६:०० बजेदेखि दिउँसो ५:०० बजेसम्म सञ्चालन गर्न पाइने ।

घ. मोटर वर्कशपहरुले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी न्यूनतम् कामदारहरुको उपस्थितिमा बिहान ६:०० बजे देखि दिउँसो ५:०० बजेसम्म सञ्चालन गर्न पाउने ।

(बाँकी अन्तिम पृष्ठमा)

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७८का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशन**मा **नर्सरीदेखि कक्षा ८** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।

**भर्नाः २०७८ असार ६ गते आइतवारदेखि । समय :** विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१५५/ ५४२८२०

## सार्वजनिक ...

ङ. औषधि पसल तथा अत्यावश्यक सेवा सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पूर्ण रुपमा पालना गर्ने ।

च. सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, मनोरञ्जन स्थल, पार्क, शैलुन, व्यूटी पार्लर, जीमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना, आदि बन्द गर्ने ।

**५. सवारी साधन सञ्चालन सम्बन्धमाः–**

क. अत्यावश्यक सेवाहरु वाहेकका सबै प्रकारका निजी तथा सार्वजनिक सवारी साधन स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने गरी मिति २०७८ असार २१ गते राति १२ः०० बजेदेखि २०७८ असार ३१ गते राति १२ः०० बजेसम्म जोर-विजोर प्रणालीमा (जोर गते जोर नम्बर विजोर गते विजोर नम्वरको सवारीसाधन) झापा जिल्लाभर सञ्चालन गर्न पाउने । लामो दूरीमा सञ्चालन हुने सवारी साधनको हकमा मोरङ्ग, सुनसरी र इलाम जिल्लासम्म मात्र सञ्चालन गर्न पाइने ।

ख. सार्वजनिक सवारी साधनहरु सञ्चालन गर्दा स्वीकृत सिट क्षमता अनुसार देहायका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्ने ।

१. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
२. यात्रुहरुले मास्कको अनिवार्य प्रयोग गरेको हुनुपर्ने ।
३. सवारी साधनको ढोकामा स्यानीटाईजरको व्यवस्था हुनुपर्ने ।
४. चालक, सहचालक र सहयोगीले अनिवार्य माक्स, भाईजर र पन्जा लगाउनु पर्ने ।
५. सवारी साधन अनिवार्य रुपमा दैनिक निसंक्रमित गर्नुपर्ने ।
६. माथि उल्लेखित व्यवस्थाको प्रभावकारी अनुगमन ट्राफिक प्रहरी/सुरक्षा निकायले गर्ने ।
७. सरकारी कार्यालय, सार्वजनिक संस्थानका कर्मचारी, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीले कार्यालय जान आउनको लागि प्रयोग गर्ने सरकारी तथा निजी सवारी साधनको हकमा कार्यालयले जारी गरेको कर्मचारी परिचय-पत्रको आधारमा सञ्चालन गर्न पाइने ।

ङ. अत्यावश्यक सेवाहरु जस्तै एम्बुलेन्स, खानेपानी, इन्धन तथा लुब्रिकेन्ट, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दूध, तथा दूधजन्य पदार्थ, मलखाद, वीऊ-विजन, कुखुराका चल्ला, दाना, पशुपंक्षीका आहार बोकेको सवारी साधन, बैङ्क, वित्तीय संस्था, रेडक्रस, दुरसञ्चार, विद्युत्, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँकसेवा, ढुवानी लगायतका सवारी साधनहरु विषय उल्लेख गरी सञ्चालन गर्न पाइने ।

च. विकास निर्माणसँग सम्वन्धित सामग्रीहरु ढुवानी गर्ने सवारी साधनहरु सञ्चालन गर्न पाइने ।

छ. यस जिल्लाबाट अन्य जिल्लाको लागि खाद्यान्न लगायतका अन्य सामग्री ढुवानी गर्ने सवारी साधनहरु सञ्चालन गर्न पाइने ।

ज. धान रोप्ने समय नजिकिएकोले खेत जोत्ने कार्यमा प्रयोग हुने ट्याक्टर कृषि कार्यको लागि निर्वाध सञ्चालन गर्न पाइने ।

**६. उद्योग, कल–कारखाना र विकास निर्माण कार्य सञ्चालन सम्बन्धमाः–**

क. उद्योग तथा कलकारखाना सञ्चालन गर्दा सकेसम्म थोरै जनशक्तिबाट सञ्चालन गर्ने र त्यस्ता जनशक्तिलाई खान र बस्ने सुविधा उद्योग परिसरभित्रै मिलाउने, छुट्टै क्वारेन्टाइनको व्यवस्था सम्बन्धित उद्योगले मिलाउने ।

ख. राष्ट्रिय गौरब तथा महत्वका आयोजना/परियोजना र अति आवश्यक विकास निर्माण कार्यका लागि कामदारहरुलाई खाने बस्ने ब्यबस्था सम्वन्धित आयोजनाले निर्माणस्थलमा नै मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरी सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

**७. विवाह तथा मृत्यु संस्कार सम्बन्धमाः–**

क. विवाहको लागि बढीमा १० जनासम्म जन्ति जान आउन दुलाहा दुलहीसहित २ वटा सवारी साधनमा ५/५ जनासम्म ब्यानर राखेर प्रयोग गरी जिल्लाभित्र वा अन्य जिल्लामा आवत जावत गर्नु पर्दा अनुमति आवश्यक नपर्ने ।

ख. मृत्यु संस्कार, बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागी हुनुपर्ने व्यक्तिले अन्य जिल्लामा जानु पर्दा सम्बन्धित व्यक्तिले उक्त व्यहोरा खुल्ने कागजात (निवेदन, अस्पतालको कागजात वा सम्बन्धित स्थानीय तहको सिफारिस) सहित जिल्ला प्रशासन कार्यालयमा अनुमतिका लागि निवेदन पेश गर्नुपर्ने ।

**८. सीमा नाका सम्बन्धमाः–**

क. सीमा नाका काँकरभिट्टाबाट विदेशी नागरिकको प्रवेश स्थगन गर्ने । आपूर्ति प्रणाली सुचारु राख्न काँकरभिट्टा सीमा नाका यथावत सञ्चालन गर्ने । आपूर्ति प्रणाली सम्बद्ध ढुवानी साधनका चालक र सहचालकलाई स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गर्ने गरी आवतजावत गर्न दिइने ।

ख. काँकरभिट्टा नाका बाहेक अन्य नाका तथा गौडाबाट नेपाल प्रवेशलाई पूर्ण रोक लगाउने ।

ग. काँकरभिट्टा नाकाबाट प्रवेश गर्ने नेपाली नागरिकहरुको अभिलेख राख्ने, एन्टिजेन परीक्षण गर्ने, परीक्षणबाट पोजिटिभ देखिएकालाई आवश्यकता अनुसार नजिकको आइसोलेसन केन्द्र वा मेची अस्पतालमा थप उपचार गराउने, नेगेटिभ देखिएकालाई सम्वन्धित स्थानीय तहसंग आवश्यक समन्वय गरी निजको गन्तव्यमा पठाउने व्यवस्था मिलाउने ।

**९. सभा सम्मेलनको हकमाः–**

क. सबै प्रकारका सभा, सम्मेलन, जुलुस, गोष्ठी, तालिम, सेमीनार लगायतका कार्यहरुको सञ्चालनमा रोक लगाउने ।

**१०. विविधः–**

क. सञ्चारकर्मी/पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना बिभागले जारी गरेको परिचय पत्र वा सम्बन्धित सञ्चार गृह वा पत्रकार महासंघको परिचयपत्रको आधारमा आवतजावत गर्न पाउने

ख. अत्यावश्यक उपयोग्य बस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा आपूर्तिमा अवरोध गर्नेहरु उपर कानून बमोजिम कडा कारवाही हुनेछ ।

ग. अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, राहदानी, भिषा लगायतका कागजातका आधारमा सम्वन्धित व्यक्ति र निजले प्रयोग गर्ने सवारी साधनलाई यात्रा सहजीकरण गरिनेछ ।

११. यस आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झैं आवश्यक सहयोग समन्वय तथा सहजीकरण हुन सम्वद्ध सबै सरोकारवाला र आम झापावासीमा हार्दिक अनुरोध छ ।

१२. यो आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराइएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराइन्छ ।

## टेण्डर ...

थियो, जुन ऐन विपरीत हो । १५ दिने सिलबन्दी कोटेसनको टेन्डर माग गर्दा खरिद ऐन २०६३, पहिलो संशोधन ऐन, २०७३ को परिच्छेद-५ खरिद सम्बन्धी व्यवस्था अनुसार शिलबन्दी दरभाउपत्र माग गर्दा राष्ट्रिय वा स्थानीय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गर्नुपर्छ । तर, त्यो प्रक्रिया विद्यालयले पूरा नगरेको उनले बताए । त्यसैगरी शिलबन्दी कोटेशन आव्हान गरेको विद्यालयले अनलाइनमार्फत पनि फर्म दर्ता गर्ने निर्णय गरेको थियो ।

'विद्यालयले शिलबन्दी कोटेशन आव्हान गरिसकेपछि सहीछापसहित खामबन्दी बिनाको फर्म कसरी अनलाइन मार्फत दर्ता गर्न मिल्छ, अनलाइनको लागि छुट्टै प्रक्रिया र प्रावधान छ'- उनले भने- 'निर्णय पुस्तिकामा ६ वटा फर्म मात्र दर्ता भएको देखिन्छ, सातौँ फर्म अनलाइनमा आएको थियो, त्यो पनि प्रधानाध्यापकको व्यक्तिगत इमेलमा, व्यक्तिगत इमेलमा त्यस्तो फर्म हाल्नै पाइँदैन, हाले पनि त्यो शिलबन्दी भएन, किनभने रकम खुलाएर मेल गरेको देखियो ।' विद्यालयले कोटेशन आव्हान गरेपछि बालिकेश सप्लायर्स, एआरबी सप्लायर्स, निब्या सप्लायर्स, कम्प्युटर सोलुसन, डीजीआर पावर टेक र पावर टेक कम्प्युटरले मात्र सिलबन्दी बोलपत्र दर्ता गराएका थिए । नियमानुसार ६ वटामध्ये पावर टेक कम्प्युटरलाई बोलपत्र परेको देखिन्छ । तर, विद्यालयले पावर टेक कम्प्युटरलाई बोलपत्र स्वीकृत गर्न नमिल्ने भन्दै लिखित रुपमा नै निर्णय गरेको छ ।

'पावर टेक कम्प्युटरसँग सामान खरिद नगर्ने विद्यालयको योजना थियो भने किन त्यो फर्मलाई दर्ता गरायो, दर्ता गराएपछि त्यो फर्मको सिलबन्दी खाम किन खोल्यो, जुन नियम विपरीत हो'- उनले भने । संघीय सरकारको राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत लक्ष्मी माविलाई ६ लाख ५० हजारको कार्यक्रम परेपछि विद्यालयले २०७८ असार ३ गते सिलबन्दी बोलपत्र (कोटेशन) आव्हान गरेको थियो । विद्यालयले खुलाएको १५ दिने कोटेसनमा इन्टरेक्टिभ प्यानल बोर्ड एक थान, स्मार्ट टी.भी. दुई थान, ल्यापटप एक थान, प्रोजेक्टर एक थान, कम्प्युटर सामग्री राख्ने दराज एक थान र कम्प्युटर टेबल एक थान खरिद गर्नुपर्ने उल्लेख छ ।

योपटक भएर विद्यालयका प्रधानाध्यापक राजु बुढाथोकी र व्यवस्थापन समितिका अध्यक्ष भूपाल दंगालले पटक - पटक यस्तो गल्ती विद्यालयमा दोहोर्‍याउँदै आएका छन् । अघिल्लो वर्ष १ नम्बर प्रदेश सरकारबाट आएको ६ लाख ५० हजारको कार्यक्रमबाट विद्यालयले २० वटा कम्प्युटर सेट खरिद गरेको थियो । कम्प्युटर सेट खरिद गर्दा मनिटरको ठाउँमा विद्यालयले टीभी स्क्रिन खरिद गरेर ल्याएपछि शिक्षा शाखाले त्यसलाई तुरुन्त फिर्ता गर्न लगाएको शाखा प्रमुख बस्नेतले बताए ।

**पत्रकारसँग मागे प्रधानाध्यापकले लिखित स्पष्टीकरण**

लक्ष्मी माविले नियम विपरीत टेन्डर स्वीकृत गरेको खुलासा शीर्षकमा पूर्वाञ्चल दैनिकमा समाचार प्रकाशित भएपछि प्रधानाध्यापक राजु बुढाथोकीले पूर्वाञ्चलकर्मी पार्थ मण्डलसँग समाचारको विषयमा विद्यालयमा उपस्थित भई लिखित स्पष्टीकरण दिन पत्र पठाएका छन् ।

समाचारमा चित्त नबुझे त्यसको छुट्टै कानूनी प्रावधान हुँदाहुँदै विद्यालयको लेटर प्याड प्रयोग गरी प्रधानाध्यापक बुढाथोकीले हस्ताक्षर गर्दै लेखेका छन्- 'लक्ष्मी माविको समाचारमा उल्लेख भएको सम्बन्धमा विद्यालयमा भोलि आई सम्पर्क गर्नुहोस् भन्दाभन्दै विद्यालयमा नआई यहाँको वास्तविक अवस्था बुझ्दै नबुझी समाचार प्रकाशन गरेकोमा लिखित स्पष्टीकरण पेश गर्नु हुनको लागि यो पत्राचार गरिएको छ ।' प्रधानाध्यापक बुढाथोकीले त्यो पत्र आफ्नो फेसबुकसहित गाउँपालिकालाई समेतलाई ट्याग गरेर हालेका छन् ।

यता पत्रकारसँग लिखित स्पष्टीकरण माग्ने विद्यालयका प्रधानाध्यापक बुढाथोकी अन्य विद्यालयमा शिक्षक पदमा कार्यरत हुँदा पटक-पटक विवादको घेरामा आइसकेको स्रोतले जनाएको छ । २०६३ सालमा शिक्षक क्षेत्रमा प्रवेश गरेका बुढाथोकी दमक-१० स्थित पाणिनी माविमा विज्ञान शिक्षक थिए । २०७२ सालमा पाणिनीमा कार्यरत् भएका बेला उनले त्यही विद्यालयमा अध्ययनरत् एक छात्रालाई यौन दुर्व्यवहारको गरेको आरोप लागेको थियो । छात्रामाथि दुर्व्यवहार गरेको आरोप लागेपछि विद्यालय व्यवस्थापन समितिले उनलाई कारबाही गरेको थियो ।

लक्ष्मी माविका विज्ञान शिक्षक विक्रम साहलाई त्यहाँ सरुवा गरेर उनी २०७२ सालमा यहाँ आएको बताइएको छ । त्यसको केही वर्षपछि लक्ष्मी माविको प्रधानाध्यापक खगेन्द्रबहादुर लम्जेलको शिवसताक्षीको विद्यालयमा सरुवा भएपछि विद्यालय व्यवस्थापन समितिले बुढाथोकीलाई सिनियर शिक्षक भनेर २०७६ साल वैशाख २७ गतेदेखि प्रधानाध्यापकको जिम्मेवारी दिएको जनाइएको छ ।

## विपन्नलाई ...

मिक्वाखोला गाउँपालिकाका १४७, मेरिङ्देन गाउँपालिका १८८, मैवाखोला गाउँपालिका १७४, आठराई त्रिवेणी गाउँपालिका २१३, फुङ्लिङ नगरपालिका १९०, पाथीभरा याङ्वरक गाउँपालिका २००, सिरीजंघा गाउँपालिका २९०, सिदिङवा गाउँपालिकामा १६७ लाभग्राही रहेका छन् । त्यस्तै पाँचथरको याङ्वरक गाउँपालिका ४९२, हिलिहाङ गाउँपालिका ६८८, फालेलुङ गाउँपालिका ४७२, फिदिम नगरपालिका ९९७, फाल्गुनन्द गाउँपालिका ४९५, कुम्मायक गाउँपालिका ६७७, तुम्बेवा गाउँपालिका ६६३, मिक्लाजुङ गाउँपालिकामा ४९४ लाभग्राही रहेका छन् । त्यस्तै इलामको माईजोगमाई गाउँपालिका ३४२, सन्दकपुर गाउँपालिका २२८, इलाम नगरपालिका ५७६, माई नगरपालिका ८२९, सूर्योदय नगरपालिका २४६, रोङ गाउँपालिका १४६, देउमाई नगरपालिका ५७२, फाकफोकथुम गाउँपालिका ४८७, माङसेबुङ गाउँपालिका ४६७, चुलाचुली गाउँपालिकामा ४६९ लाभग्राही रहेका छन् ।

यता झापाको मेचीनगर नगरपालिका २४९, बुद्धशान्ति गाउँपालिका ३६२, भद्रपुर नगरपालिका ३९०, अर्जुनधारा नगरपालिका १९३, कनकाई नगरपालिका ३९७, बिर्तामोड नगरपालिका ३४०, हल्दिबारी गाउँपालिका १८८, कचनकवल गाउँपालिका २१३, शिवसताक्षी नगरपालिका २६५, गौरादह नगरपालिका ५३३, गौरीगञ्ज गाउँपालिका ४९२, झापा गाउँपालिका २४४, कमल गाउँपालिका ३२४ र दमक नगरपालिकामा ३१६ लाभग्राही रहेका छन् । जिल्लाको बाह्रदशी गाउँपालिका २०१ लाभग्राही विवरण रुजु गर्न र सम्झौता गर्न बाँकी रहेको आयोजना प्रमुख खतिवडाले बताए ।

**झण्डै आधा बजेट आएन**

सरकारले सुरक्षित नागरिक आवास कार्यक्रम २०७५ अन्तरगत विपन्न तथा असहाय परिवारको घरको छानो फेर्न भन्दै अघिल्लो आर्थिक वर्ष २०७६/०७७ मेचीका चार जिल्ला गरी २२७५ मात्र लाभग्राहीले घर निर्माण गरेका थिए । चालू आर्थिक २०७७/०७८मा झण्डै १३ गुणा बढी विपन्न परिवारको छानो फेर्न सरकारले प्रतिपरिवार ५० हजारको दरले रकम छट्याएको सघन शहरी विकास तथा भवन निर्माण आयोजना प्रमुख खतिवडाले जानकारी दिए ।

विपन्न परिवारले छानो फेर्दा पहिलो चरण ६० प्रतिशत (३० हजार) र दोस्रो चरण ४० प्रतिशत (२० हजार) रकम दिने व्यवस्था छ । सरकारले सुरक्षित नागरिक आवास कार्यक्रमको पूरै बजेट नपठाउँदा विपन्न परिवारलाई समस्या भइरहेको उनले बताए । 'सरकारले यस कार्यक्रमका लागि चार जिल्लामा आधा मात्र बजेट पठाएको छ'- उनले भने- 'अब बाँकी अर्को आर्थिक वर्षमा मात्र आउने विभागले जानकारी गराएको छ । आर्थिक मन्त्रालयले बजेट निकासा नगर्दा पालिकाहरूलाई समस्या उत्पन्न भएको बताउँदै उनले भने- 'अधिकांश पालिकाका प्रमुखहरूले पैसा कहिले आउँछ भनी सम्पर्क गर्नुहुन्छ ।' सरकारले असार मसान्त अघि बजेट पठाउने बुझेकाले कतिपय पालिकाले अन्य शीर्षकको बजेटको रकम विपन्न परिवारलाई दिएको पनि बुझ्नमा आएको छ । बजेट नआउँदा ती पालिकाहरूलाई अन्य शीर्षकको बजेट कसरी मिलाउने भन्दै समस्या उत्पन्न भइरहेको उनको भनाइ छ । चार जिल्लाका झण्डै ७९ करोड ३० लाख ५० हजार बजेट चाहिन्छ । सरकारले अहिलेसम्म करिब ४० करोड बजेट मात्र पठाएको जनाइएको छ ।

कतिपय पालिकाहरूमा ६० प्रतिशत बजेट नहुँदा पहिलो किस्ता बापतको ३० हजार रकम पनि दिन सकिरहेको छैन । भद्रपुर नगरपालिकामा ३९० जना विपन्न परिवार छनौटमा परेका छन् । नगरपालिकालाई झण्डै १ करोड ९५ लाख रकम चाहिन्छ । अहिलेसम्म एक करोड २२ लाख ७९ हजार रुपैयाँ आएको नगरपालिकाका लेखा शाखा प्रमुख सुवास भट्टराईले जानकारी दिए । 'नगरपालिकाले पहिलो किस्ताको रकम मात्र यसबर्ष वितरण गर्छ'- उनले भने- 'बाँकी दोस्रो किस्ताको रकम आगामी आर्थिक वर्ष मात्र आउने जानकारी प्राप्त भएको छ ।' नगरपालिकामा झण्डै ७२ लाख बजेट अपुग देखिएको छ ।

## बास्मती ...

झापामै सयौं बिगाहामा बास्मती धानको खेती विस्तार गर्ने योजना रहेको उनले जानकारी दिए । कम्पनीको झापा संयोजक धनञ्जय चुडालका अनुसार गौरादहमा कालो नुनिया, हुलास बास्मती, हाइब्रिड कालो नुनिया र रैथाने बास्मतीको वीऊ रोपिएको छ ।

स्थानीय डिल्लीप्रसाद सेढाईंले कम्पनीलाई चार बिगाहा जग्गा भाडामा दिएको जानकारी दिए । बिगतमा आफूले उत्पादन गरेको धान समयमै बिक्री नहुने, विचौलियाका कारण सस्तो मूल्यमा बेच्नुपर्ने, खेतीमा मजदुर नपाउने आदि कारणले हैरान भइरहेको अवस्थामा कम्पनीले जग्गा लिजमा लिंदा खुशी लागेको उनले प्रतिक्रिया दिए । यस बर्ष कम्पनीले परम्परागत रुपमै खेती गरेको कारण खेत जोत्न, बीऊ उखेल्न र रोपाईं गर्न स्थानीयबासीले नै रोजगारी पाएका छन् । अर्को सालदेखि यान्त्रिकीकरण गरेर खेती गरिने कम्पनीले जनाएको छ ।

कृषिको उत्पादन, भण्डारण र विक्री वितरण आफैंले गर्ने नीति अनुरुप देशैभर धान खेती गर्ने यो पहिलो कम्पनी हो । जिल्लामा कूल ८७ हजार ५०० हेक्टर क्षेत्रमा धानखेती भइरहेको छ । तीमध्ये ६ देखि ७ प्रतिशत मात्र बासमती धानको खेती हुँदै आएको कृषिज्ञान केन्द्रका विज्ञ शालिकराम भट्टराईले जानकारी दिए । अन्य धानको तुलनामा यसको उत्पादन कम हुने र पाक्ने समय पनि बढी हुने हुँदा किसानहरुको यसप्रति खासै रुची नभएको उनको भनाइ छ ।

पुराना र धनाढ्य किसानले मात्र बास्मति धानको खेती गरिरहेका छन्- उनले भने- अरु धान पाक्दा यो धान पसाउन मात्र शुरु गर्छ । मगमग बासना धेरै आउने हुँदा किराहरु बढी लाग्ने र उत्पादकत्व घट्ने हुँदा व्यवसायिक किसानले यसको खेती गर्दैनन् । रोपेको १२० दिनमा मन्सुलीलगायतका धान पाक्ने भए पनि बास्मती धान १५० दिनमा मात्र पाक्ने उनको भनाइ छ ।

थोरै भए पनि झापाको पूर्वोत्तर क्षेत्र बाहुनडाँगी र दक्षिण क्षेत्रमा बास्मति धानको खेती हुने गरेको छ । तर, राष्ट्रिय खाद्य बैंकले जिल्लामा गरिरहेको बास्मति धानको खेती बारे कृषिज्ञान केन्द्रमा कुनै पनि जानकारी नआएको बताए । दुई अर्बको पूँजी रहेको खाद्यान्न बैंकका ७७ वटै जिल्लामा कार्यालयहरु रहेको र मुलुकका ७५३ वटै स्थानीय तहमा कार्यक्षेत्र रहेको अध्यक्ष उप्रेती बताए । कृषि, माटो, बनस्पति, वातावरण, पर्यटन तथा जलस्रोत विज्ञहरु, कृषि प्राविधिक र कोरिया, जापान, चीनबाट कृषि तालिम लिएका अनुभव प्राप्त व्यक्तिहरुको संयुक्त लगानीमा यो बैंकको स्थापना गरिएको उहाँको दाबी छ । बैंकमा हालसम्म ५८७ जना प्रमोटर शेयर सदस्य रहेको र निकट भविष्यमै यसले एक हजार शेयर सदस्य पुर्‍याउने लक्ष्य लिएको छ ।

झापा, मोरङ र सुनसरीका लागि नमूना परियोजनाका रुपमा गौरादहमा यसले धान खेती गरेको जनाएको छ । अन्य प्रजातिको धानको तुलनामा बासमती धानमा पोषक तत्वको मात्रा बढी हुने हुँदा यसको खेती गरिएको उनले बताए । उनका अनुसार फुड एण्ड न्यूट्रिसनको बारेमा जानकारी दिलाउने, पोषणयुक्त खानेकुरा उत्पादन गर्ने र अर्ग्यानिक कृषि उपजहरु उत्पादनमा लगाउने बैंकको मुख्य लक्ष्य रहेको छ । लाखौंलाई रोजगार दिने र परनिर्भरतालाई घटाएर मुलुकलाई कृषिउपजमा आत्मनिर्भर बनाउने उनले बताए ।

## डुबेर ...

-१ खरिखोलाका ३३ बर्षीय रिन्जी पासाङ शेर्पाको भ्याङबाट लडेर मृत्यु भएको छ ।

सोताङ गाँउपालिका-५मा रहेको वीरेन्द्र ज्योति माध्यमिक बिद्यालयको निर्माणाधीन भवनको मिस्त्री काम गरी सोही स्थानमा बस्दै आएका रिन्जी भ्याङबाट लडेर कन्चटमा चोट लागी गम्भीर घाइते भएका थिए । घाइतेलाई उपचारको लागि प्राथमिक स्वास्थ्य चौकी सोताङमा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो । घटनास्थलमा इलाका प्रहरी कार्यालय सोताङबाट प्रहरी टोली खटी गई थप अनुसन्धान भइरहेको छ ।


एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

**REQUEST FOR EXPRESSION OF INTEREST (EOI)**

Excel Development Bank Ltd. Invites expression of interest (EOI) from potential suppliers for enlistment for supply of various goods and services categorized below for fiscal year 2078/79

**1. Computer Hardware, Software&Accessories:**
**A. Hardware-** Laptop, Desktop Computer, Printer, Scanner, MICR Cheque Scanner, VPN Router, Network Switch,Firewall, WAF, Load Balancer, NAC (Network Access Controller), SIEM (Security Incident & Event Management), Application Delivery Controllers (ADC), Server, HCI (Hyper-Converged Infrastructure), Monitor, SAN, NASetc.
**B. Software -** Banking Related Software& Services, Middleware, End Point Security& Management Solution, Email Security, Multi Factor Authenticator, Online Self Services, Virtual Machines, System Log/Analyzer, Operating System, Office Package etc.
**C. Accessories-** External HDD, Internal HDD (Normal/Surveillance/SATA/SAS etc.), SSD, USB Drives, Memory Cards,Key Board, Mouse, network cables, switch,Ports, Camera, Microphone, Headphones, Speakers, VoIP Equipment, Conference Equipment etc.
**D. Services-** ISP (For International &Domestic Bandwidth), Data Center Service (VPS, Co-location etc.), Digitization Services, etc.
**2. Office Equipment :** Air Conditions, Note Counting Machine, Fire/Smoke Alarm System, PABX System, PANIC Alarm System, NVR/DVR, CCTV, UPS, Cheque Writer, Fire Extinguisher, AttendanceDevice, Metal Detector, UPS,Inverter's Battery, Telephone Set, Water Dispenser, Room Thermometer, Humidity Sensor, Humidity Controller, Hoarding Board, LED Board, LED Screens etc., Thermal Sensor, GPS, Queue Liner, Standee etc.
**3. Stationery & Printings:**
**A. Stationary Goods:** Pen, Pencil, Staplers, Scales, Seizers, Rubber, Sharpener, Photocopy paper, Toner, Printer cartage, Printer ribbon, ATM roll, Index File, Cobra File, Rubber, Ball Pen, Register, Stamp pad, Calculator& other stationery items.
**B. Pre-Printed Stationeries:** Calendars, Diary, Annual Report,Statement Paper, Account Opening Form, KYC Form, ATM& Mobile Banking Opening Form, ,Deposit Voucher, Note Binding Tag, Bank Stamps, Registers& Security Printing like MICR Cheques, Cheque's cover,Cheque's requisition slip, Cheque Record Slip, Fixed Deposit Receipt, etc.
**4. Furniture & Security Equipment:**
A. Fire Proof Filling Cabinet, Cash Vault Safe, Chairs, Steel Almira, Locker etc.
B. Wooden furniture.
**5. Branch Construction/Renovations and Engineering services:**
A. Engineering Consultancy Services for Civil Construction, Interior Designing and Furnishing work.
**6. Civil Works:**
A. Interior Construction, Renovations & similar project work including Furniture, Civil and Electrification.

Supplier may submit their application to the **Finance Department** to the under mentioned address of the Bank including following documents by **July 25, 2021.**
a. Firm/Company Registration Certificate (Renewed)
b. Pan/VAT Certificate
c. Tax Clearance Certificate
d. Company Profile with Reference Letters from present clients.Bank reserves the right to accept or reject in part or whole of Application without assigning any reason whatsoever.



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

स्व. गुण्डा बहादुर राईको छोरी स्व. हर्कबहादुर राइको पत्नी १ नं. प्रदेश झापा जिल्ला गरामनी नगरपालिका वडा नं. ०५ ठेगाना भई हाल १ नं प्रदेश झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. १० बस्ने लक्ष्मी माया राइनी (भारतीय कागजतमा नाम लक्षि माया राइ उल्लेख भएको) ले यस बिर्तामोड शाखामा खाता नं. १८२१५२४०३०००६४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७५/०८/१९ मा निज खातावाला लक्ष्मी माया राईनीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने सेम लाल राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सुचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक लक्ष्मी माया राइनीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सुचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
**बिर्तामोड शाखा**
**बिर्तामोड, झापा**
**फोन नम्बर ०२३-५३०९१०**



**आवश्यकता**

झापा जिल्लामा सञ्चालित एक प्रतिष्ठित संस्थागत माध्यमिक विद्यालयको लागि सामाजिक विषय मूल विषय भई अंग्रेजीमा राम्रो दख्खल भएको विद्यालयको नेतृत्व गर्न सक्ने प्रिन्सिपल आवश्यक परेकाले इच्छुकले सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।
**शैक्षिक योग्यता : कम्तीमा स्नातक तलब : आपसी समझदारीमा**
**सम्पर्क मितिः २०७८/०३/२५ गतेसम्म**
**सम्पर्क नं. ९८१७०८०००५**



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# पुस्तकमा लापरवाही नगर

**नयाँ शैक्षिक सत्र शुरु हुनुपर्ने समय पौने तीन महिना पछि परिसकेको छ । बैशाखबाटै शुरु हुनुपर्ने शैक्षिक शत्र असार २१ बितिसक्दा औपचारिकरुपमा शुरु भएको छैन । भौतिकरुपमा पठन–पाठन शुरु गर्न अझै एक महिना ढिलो हुनसक्ने अनुमान गर्न गाह्रो छैन । कोरोना भाइरसको संक्रमणका कारण गत वर्षको चैत महिनादेखि अवरुद्ध जस्तै भएको शैक्षणिक क्रियाकलाप अनलाइन कक्षाबाट पूर्ण नहुने तथ्य प्रमाणित भइसकेको छ । त्यो भन्दा पनि महत्वपूर्ण कुरा सम्पूर्ण विद्यार्थीहरु अनलाइन कक्षाको पहुँचमा छैनन् । त्यसका लागि आवश्यक पूर्वाधारहरु मोबाइल, ल्यापटप वा कम्प्युटर, इन्टरनेट, विद्युत लगायतका प्राविधिक पक्षका अभाव र अनियमितताले सरकारले निर्देश गरेको वैकल्पिक सिकाइ निरर्थक नै रह्यो । महामारीका कारण बन्द भएको शैक्षिक गतिविधि कहिले पूर्ववत अवस्थामा फर्किन्छ भन्न सकिने अवस्था छैन । किनकि भाइरस नयाँ भेरियन्टको स्वरुपमा परिवर्तन भइ बिस्तार हुन थालेको छ ।**

**विद्यालयदेखि विश्वविद्यालयसम्मका शैक्षिक क्रियाकलापहरु अवरुद्ध भएको लामो समय बितिसकेको छ, तर त्यसको भरपर्दो विकल्प खोज्न शिक्षा प्रकाशन गर्ने संस्था जनक शिक्षा सामग्री केन्द्रले अत्यावश्यक सेवा प्रवाह गर्ने संस्थाका रुपमा बन्दाबन्दी र निषेधाज्ञाकाबीच पनि प्रकाशन र वितरणको काम जारी राख्यो । त्यस अनुसार जिल्ला–जिल्लाका बिक्रेतामार्फत वितरण पनि गरियो । ती पुस्तकमा पछिल्लो समय देशको भूगोलमा समावेश गरिएको भनिएको पश्चिम नेपालको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र समेटिएको नक्सा समेटिएन । जबकि संसदबाट संविधान संशोधन गरी नेपालको राजनीतिक नक्सामा विगतमा छुटाइएका ती क्षेत्र समेटेर नयाँ नक्सा सार्वजनिक गरिएको थियो । वि.सं. २०७७ जेठ ७ ते भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले सार्वजनिक गरेको नक्सा पाठ्यपुस्तकमा समावेश गरिनुपर्नेमा जनक शिक्षाले विगतकै आधारको नक्सासहितको पुस्तक प्रकाशन गर्‍यो ।**


**पाठ्यपुस्तक प्रकाशनको अनुमति दिने संस्था, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रले समयमा निर्देशन नदिँदा पाठ्यपुस्तक त्रुटिपूर्ण प्रकाशन भयो । पुरानै नक्सा प्रकाशन भएको भन्दै व्यापक विरोधपछि पाठ्यक्रम विकास केन्द्रले त्यही असार १३ गते जरुरी सूचना जारी गर्दै नयाँ नक्सा प्रकाशन गर्न निर्देशन दियो । तर, यतिबेलासम्म जिल्ला–जिल्ला पुगिसकेका पुस्तक संशोधन गर्न सम्भव छैन भने बाँकी रहेका पुस्तकमा बेग्लै पृष्ठ थप गरेर नयाँ नक्सा समेटिएको छ । यसले देशभरका लागि आवश्यक एक करोड ८४ लाख पुस्तकमध्ये अब ५४ लाख प्रति मात्र प्रकाशन हुन बाँकी छ । 'जब भयो राति...' उखान चरितार्थ गर्ने सरकारको यस्तै लापरवाहीले ठूलो क्षति व्यहोर्नुपर्ने निश्चित जस्तै भएको यो एउटा उदाहरण हो । सरकार केवल सत्ता रक्षाका लागि संघर्षरत् रहेका कारण कामको प्राथमिकतामा नपर्दा यसको दूरगामी असर हाम्रो विपक्षमा हुनसक्छ । त्यसैले कामको प्राथमिकता छुट्याउन सरकार गम्भीर हुनुपर्दछ ।**

### सामाजिक सञ्जाल




गर्भमा छोरी भएकै कारण कति पटक एउटा नारीले गर्भपतन गराएकी हुन्छिन् अनि छोरा जन्माउनको लागि हस्पिटल जाँदा सोधिने गरिन्छ महिला डाक्टर हुनुहुन्न ? हाम्रो समाजको तितो यथार्थ ।

**– स्मृति क्षेत्री**



कहाँ इज्जत मिल्छ र नारीको अपमान गरेर मानिस बन्ने भए देखाऊ नारीको सम्मान गरेर ।

**– झापाली समृद्धि**



आफ्नो कर्तव्यलाई बिर्सिएर अर्काको दायित्व मात्रै सम्झिने प्रवृत्तिले हामीलाई कहिल्यै पनि फाइदा गर्दैन ।

**– सानी शर्मा**

# जबजको सान्दर्भिकता घटेको छैन



**उदय मैनाली**

जननेता मदन भण्डारीको स्मरण केबल औपचारिकताको विषय होइन। मदनका देनहरू आधुनिक नेपाली राजनीतिको मेरुदण्ड भइसकेका छन् भन्दा अत्युक्ति हुँदैन। राजा, पञ्च र कांग्रेसको दबदबालाई दह्रो चुनौति दिँदै भण्डारीले आजको एमालेलाई दिएको विचार, जनाधार र सदाचारको बलियो जग पृथ्वीनारायण शाहले सानो पर्वते राज्य गोर्खालाई थमाइदिएको सौभाग्यको समतुल्य छ।

नेपालमा पनि पाँचौं महाधिवेशनमा आएर तत्कालीन एमाले पार्टीले जनताको बहुदलीय जनवाद भन्ने सिद्धान्तलाई आफ्नो मार्गदर्शक सिद्धान्त बनायो। यो सिद्धान्तले हामी कम्युनिस्ट भए पनि डेमोक्र्याट नै हो भनेर प्रमाणित गर्‍यो। डेमोक्र्याट हनु आपत्ति होइन। तर, जनवाद भनिसकेपछि कम्युनिष्ट पार्टीको लिडरशीप हुन्छ। सबै पार्टी र विचारलाई कम्युनिस्टले नेतृत्व गर्छन्। तर, नेपालमा सिद्धान्तले जनवाद भने पनि यथार्थमा जनवाद भने भएन।

जनवाद अनुसार कम्युनिस्ट पार्टीले नेतृत्व लिन सकेनन्। नेतृत्व लिन नसक्नुको मुख्य कारण जनताको बहुदलीय जनवाद (जबज)ले निर्वाचनलाई केन्द्रमा राख्नु नै हो। जबजमा जनवाद, कम्युनिस्टको डोमिनेन्सभन्दा बढी निर्वाचन हावी भयो। १४ वटा विशेषतासहित सार्वजनिक गरिएको जबज दस्तावेजमा जबज आफैंमा एउटा विशेषता हो भनिएको छ।

निर्वाचनको शक्ति र त्यसको निर्णयलाई सर्वस्वीकार्य ठान्नु भनेको बेलायतको वेस्ट मिनिस्टर मोडल हो, अर्थात् हाम्रा कम्युनिस्ट पार्टीले वेस्ट मिनिस्टर मोडललाई स्वीकार गरे। निर्वाचनमा जसले जित्छ, त्यही सत्तामा आउने कुरा स्वीकारे। तर, जनवादले यो कुरा स्वीकार गर्दैन। संविधानको सर्वोच्चता, बहुदलीय प्रतिस्पर्धा, खुल्ला समाज, पृथकीरण, मानवअधिकार जस्ता विषय जबजमा समेटिएका छन्। यी जम्मै विशेषता वा विषय बेलायती वेस्ट मिनिस्टर मोडलबाट सापटी लिइएका हुन्।

जबजमा बहुमतको सरकार। अल्पमतको प्रतिपक्ष। विदेशी पुँजी र प्रविधि। सामन्तलाई



क्षतिपूर्ति दिने कुरा लेखिएका छन्। यी सबै विशेषता वेस्ट मिनिस्टरबाट सापटी लिइएका हुन्। अर्थात् जबजले कम्युनिस्टको खोलमा पुँजीवादी संसदीय व्यवस्था अँगाल्यो। जबजका सबै विशेषता/मर्मसँग पुँजीवादी संसदीय व्यवस्था हुँबहुँ मिल्छ। पुँजीवादी संसदीय व्यवस्थाभन्दा फरक छैन जबज।

त्यसैले जबज भन्ने दस्तावेज नौलो दस्तावेज होइन। कुनै भयंकर ठूलो दस्तावेज होइन। जबज भन्ने दस्तावेज लेख्ने मदन भण्डारी आफ्नो समयका पपुलर नेता थिए। मीठो भाषण गर्थे। हकी स्वभावका थिए। तर, उनले लेखेको यो सिद्धान्त भने कम्युनिस्ट सिद्धान्त होइन। नेपाली क्रान्तिको अगुवाइ गर्न सक्षम पार्टी बन्न सक्नुमा एमालेले बोकेका विशेषता र आधारमाथि भण्डारी यसरी प्रकाश पार्नुभएको छ :

(१) सर्वप्रथम हाम्रो पार्टीको सिद्धान्तनिष्ठता, रचनात्मकता र गतिशील जनदिशा, खुला हृदयी, आत्मालोचक र क्रान्तिकारी साहसिकता, पार्टीलाई एकताबद्ध राख्ने र कार्यकर्ता परिचालन गर्ने कुरामा दिइएको जोड तथा सिंगो पार्टीको क्रान्तिकारी आशावाद यसका प्रमुख तत्व हुन्।

(२) देश, जनता र क्रान्तिको हितका निम्ति काम गर्दा बाटामा आइपर्ने जस्तासुकै कठिनाई र जोखिमहरूलाई पनि झेल्ने कार्यकर्ताहरूमा उन्नत स्तरको मानसिक संकल्प हुनु।

(३) जनतासँग घुलमिल गर्ने, उनीहरूको माया र विश्वास जित्ने, उनीहरूको दुःख-सुखमा सहभागी हुनु। पार्टीको वरिपरी गोलबन्द गर्ने क्षमता राम्रो हुनु।

(४) जनताबाट, बन्धु पार्टीका अनुभवहरूबाट र आफ्नै पुराना अनुभवहरूबाट सिक्ने अठोट हुनु।

(५) क्रान्तिकारी काममा समर्पित भएर लाग्ने, आन्दोलनका उतार चढाव, अनुकूलता, प्रतिकूलता जस्ता सबै बेलामा उत्साहपूर्वक र अविरलरूपमा लागिरहने दृढता हुनु।

(६) आफ्ना विचार र कामको समीक्षा गर्ने, तिनीहरूमा रहेको गुणदोष केलाउने, गल्ती कमजोरीहरू खोज्ने र तिनीहरूलाई सच्याउने तत्परता तथा साहस हुनु।

(७) व्यक्तिगत हितलाई पार्टी हितको मातहतमा राख्ने र पार्टी हितलाई क्रान्ति र जनताको हितको मातहतमा राख्ने दृष्टिकोण र व्यवहारमा जोड दिनु।

(८) पार्टी एकतालाई सर्वोपरी महत्व दिने, खास गरी फुट र विभाजनले क्षतिग्रस्त भएको कम्युनिष्ट आन्दोलनलाई पुनर्गठित गर्ने महान् दायित्वलाई मुख्य महत्व दिएर सिद्धान्तनिष्ठ पार्टी एकतालाई सर्वोपरी महत्व दिने भावना भएको पार्टी चरित्र कायम गर्नु।


(९) जनताप्रति, पार्टीप्रति, आफ्ना क्रान्तिकारी सिद्धान्तहरूप्रति आत्मविश्वास राख्ने र स्वतन्त्रतापूर्वक कार्य गर्ने मनोबल हुनु।

(१०) देश र जनताका शत्रुहरूप्रति तीव्र वर्गघृणा हुनु।

(११) क्रान्तिलाई सहयोग गर्ने र जनताको हित हुने कुनै पनि स्वतन्त्र र नयाँ नीति, कार्यनीति लिनुपर्दा निःसंकोच र जनताको बीचमा खुला हृदयले जाने शैली हुनु।

(१२) विचार र काममा पार्टीव्यापीरूपमा एकरूपता कायम गर्नु, नीति र निर्णय लिइसकेपछि तिनीहरूको कार्यान्वयनमा समान भावना र उत्साह लिएर सिंगो पार्टी दृढतापूर्वक जुट्नु।

# यो अवस्थालाई सत्ता कब्जा भनिन्छ



**खगेन्द्र कर्ण**

राणा प्रधानमन्त्री जुद्धशमशेरले पदम शमशेरलाई श्री ३ को पदवी दिने बेलामा भनेका थिए- 'मेरै भाइ-भारदार नेपालमा 'पार्लियमेन्ट' बन्नुपर्छ भन्छन्। समुद्रको सीमा नछोएको देशमा कहीँ 'पार्लियमेन्ट' बन्न सक्छ र ? उनले यो अभिव्यक्ति दिएको दुई दशकपछि मुलुकमा संसद् स्थापना भएको थियो। त्यो बेला संसार मूलतः दुई ध्रुवमा बाँडिएको थियो। लोकतन्त्रवादी र तानाशाही जुन पनि कायम छ। यद्यपि कतिपय तानाशाहहरूले चारित्रिक परिमार्जन गरेका छन्।

नेपालमा २००७ मा प्राप्त लोकतन्त्र २०१५ मा संस्थागत गर्ने प्रयास भएको थियो। त्यो बेलाको ध्रुवीकरण पूर्णरूपमा लोकतन्त्रको पक्षमा थियो। जहाँ निर्वाचनमा लोकतन्त्र पक्षधर शक्ति नेपाली कांग्रेस दुई तिहाइ मतले विजय प्राप्त गरेको थियो। तर, जसरी संसार दुई विचारधारा, ध्रुवमा बाँडिएको थियो, त्यसरी नै नेपालको आन्तरिक राजनीति पनि दुई विचारमा विभक्त थियो। एकतर्फ आधुनिक लोकतन्त्रको आगो बोकेका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला थिए। अर्कोतिर निरंकुशतामा हुर्केको परम्परागत राजकीय शक्ति बोकेका राजा महेन्द्र थिए। वीपीको उद्देश्य नेपाली राष्ट्रियता र राज्यलाई लोकतान्त्रिक तवरले समावेशी, अहिंसात्मक र उदार बनाउनु थियो। महेन्द्रको तर्क हुने गर्थ्यो, नेपालको भौगोलिक विकटता, साक्षरता दरको कमीका कारणले 'संसदीय प्रजातन्त्र'लाई आवश्यक हुने गरी जनताको आम आकांक्षा अभिव्यक्त हुन सक्दैन। उनको अर्को तर्क भौगोलिक अखण्डताको सवालमा हुने गर्थ्यो। जुन उनी खतरामा परेको तर्क गर्थे। यस्ता अनेक तर्क महेन्द्र र उनका अनुयायीको हुने गर्थ्यो। परिणाम स्वरूप महेन्द्रले २०१७ पुस १ मा शाही 'कू' मञ्चन गरे। निर्वाचित सरकारलाई अपदस्थ गरे। संसद भंग गरे। लोकतन्त्रको हत्या गरे। तानाशाही शासन व्यवस्थाको डिजाइन गरे। जसको नामकरण गरे, पञ्चायती शासन व्यवस्था।

जहाँ सिद्धान्ततः तहगत रूपमा प्रतिनिधिमूलक संस्था थियो। राष्ट्रिय पञ्चायतको निर्माण गरेका थिए। राजनीतिक दलमाथि प्रतिबन्ध लगाएका थिए। अन्तरिम अधिकार दरबारमा अन्तरनिहित गरेका थिए। महेन्द्रका अनुयायीहरूले वीपी सरकार अपदस्थ गर्नुका पछाडि अनेकन् कारण प्रस्तुत गर्ने गरेका थिए। जसमध्ये एउटा थियो, देशको भौगोलिक अखण्डता माथि खतराको 'प्रोपोगन्डा'। जुन हालसालैको दशकमा पनि अनेकन् देशका तानाशाहहरूको सत्तामा पुग्ने र सत्तामा बरकरार रहने ठूलो हतियार भएको छ।

महेन्द्रले शासन सत्ता आफ्नो हातमा लिएपछिको भोलिपल्ट भारतका प्रधानमन्त्री जवाहरलाल नेहरु संसदमा बोल्दै महेन्द्रको उक्त कदमलाई 'प्रजातन्त्र विरोधी' कदमको संज्ञा दिएका थिए। तर, पछि फेला परेको तथ्यांक अनुसार, नेहरुलाई नेपालमा 'लोकतन्त्रको हत्या' हुँदैछ भन्ने पूर्व जानकारी थियो। त्यो बखत वीपीले नेपालको हितमा लिएको कतिपय निर्णयबाट भारत चिढिएको थियो। वीपीको सरकार पदच्यूत भएको भारत हेर्न चाहन्थ्यो। जुन भारतको इच्छा बमोजिम नै भएको थियो।

सन् १९६० को दशकमा नेपालका लागि भारतीय राजदूत बनेका श्रीमान् नारायणले आफ्नो पुस्तक 'इण्डिया एन्ड नेपाल : एन एक्ससाइज इन ओपन डेमोक्रेसी'मा राजा महेन्द्रलाई 'राष्ट्रिय स्वयंसेवक संघ'ले भारतमा भएको एक विशाल सभामा सम्बोधन गर्न निम्त्याएको प्रसंग उल्लेख गरेका छन्। उनले पुस्तकमा यो पनि उल्लेख गरेका छन् कि महेन्द्र र भारतीय हिन्दूहरूको स्वार्थ मिलेको थियो। भू-राजनीतिक अवस्थाको राम्रो ज्ञान भएका महेन्द्रको राष्ट्रवाद मूलतः असमावेशी थियो। उनले आफ्नो शासन टिकाउन एक भाषा, एक भेष र एक धर्मको कथ्य रचेका थिए। जुन वीपीको समावेशी सिद्धान्त विपरीत थियो। सत्ता टिकाउन र बहुसंख्यकलाई रिझाउन फालिएको अजेन्डा थियो। अर्को महत्वपूर्ण अजेन्डा थियो 'हिन्दू राष्ट्र' जुन भित्रिया र बाहिरिया शक्तिलाई रिझाउन लागू गरेका थिए। अर्थात् महेन्द्रले एक भाषा, एक भेष र एक धर्मको नीति अख्तियार गरेका थिए। जसको जगमा पञ्चायती शासन व्यवस्था ३० वर्ष चलेको थियो।

नेपाली शासकहरूको तानाशाह बन्ने आकांक्षाको आपूर्ति पनि प्रत्येक कालखण्डमामा कुनै न कुनै रूपमा भारतबाटै हुने गर्छ। पञ्चायतविरुद्धको आन्दोलन चलिरहेको बेला भारतीय हिन्दूवादी संगठनले काठमाडौंमा विशाल आमसभाको आयोजना गरेर वीरेन्द्रलाई 'हिन्दू सम्राट'को ताज पहिराएका थिए। ज्ञानेन्द्रले २०५९ असोज १८ मा शेरबहादुरको निर्वाचित सरकारलाई अपदस्थ गरी आंशिक 'कू' मञ्चन गर्दा भारतको अटल बिहारी बाजपेयी नेतृत्वको दिल्ली सरकारले समर्थन गरेको थियो। त्यतिबेलाका कतिपय सक्रिय कूटनीतिज्ञहरूको लेख-पढ्दा भारतको विदेश मन्त्रालय इच्छुक नभए पनि 'राष्ट्रिय स्वयंसेवक संघ' र 'विश्व हिन्दू परिषद्'ले सरकारलाई दिएको दबाबका कारण ज्ञानेन्द्रको कदमको समर्थन गरिएको थियो।२०६१ माघ १९ को शाही 'कू' हुनुभन्दा दुई दिनअघि विश्व हिन्दू परिषद्का आचार्य गिरिराज किशोरले एक पत्रिकालाई दिएको अन्तर्वार्तामा भनेका थिए- 'हामी नेपालमा राजाले सक्रिय शासन सत्ता हातमा लिएको हेर्न चाहन्छौं।' सतहमा देखिने रूप धर्म भए पनि त्यो व्यवहारवादी राजनीतिक लेनदेन नै हो। अवश्य पनि भारतको राजनीति पनि दुई विचारधारामा विभक्त छ। तर, भारतको दुवै पक्ष नेपालमा आफ्नो स्वार्थ अनुकूलको शासन व्यवस्था चाहन्छ। आफ्नो अनुकूल नभएपछि संसद् विघटन अथवा लोकतन्त्रको हत्यालाई पनि वैधता प्रदान गरिरहेका हुन्छन्।

२०७२ मा नेपालको संविधान जारी हुनुभन्दा केही घन्टाअघि तत्कालीन भारतीय विदेश सचिव एवं हालका विदेश मन्त्री एस.जयशंकर संविधान निर्माणमा केही ढिलाइ गर्न दबाब दिएका थिए। त्यो दबाबको बाहिरी अजेन्डा आन्दोलनरत मधेसी दललाई पनि संविधान निर्माण प्रक्रियामा सहभागी गराउनु भनिए तापनि त्यसभित्र भारतको आफ्नै 'हिडन अजेन्डा'हरू थियो भन्ने अनुमान लगाउन कठिन छैन। जुन समयक्रम अनुसार खुलासा हुँदै गएको छ। हालै भारतका पूर्व विदेश सचिव एवम् राष्ट्रिय सुरक्षा सल्लाहकार शिवशंकर मेननले प्रकाशित गरेको पुस्तक 'इन्डिया एण्ड एसियन जिओपोलिटिक्स'मा उल्लेख गरेका छन् कि नेपालको संविधानसभाले पारित गरिसकेको संविधान परिवर्तन गर्न भारतले सार्वजनिकरूपमा दबाब दिएको थियो। पुस्तकमा मेननले लेखेका छन्- 'भारतका केही राजनीतिक दल र संस्थाहरू नेपालमा राजतन्त्र र हिन्दू राष्ट्र पुनःस्थापन गर्न चाहन्छन्।' निश्चित रूपमा नेपालको राजनीतिमा भारतीय संस्थापन पक्षको प्रभावलाई नकार्न सकिन्न। २०४६ सालको परिवर्तन, सात दल र माओवादीबीच २०६२ सालमा भएको चर्चित १२ बुँदे सम्झौता र २०६३ सालको जनआन्दोलनमा तत्कालीन भारतीय प्रधानमन्त्री मनमोहन सिंहका दूत बनेर काठमाडौं आएका करण सिंहको भूमिका। यी सबै परिवर्तनहरूमा भारतीय पक्षको सहभागिता जगजाहेर नै छ।

नयाँ संविधान निर्माण भएपछि त्यो अनुरूप २०७४ सालमा निर्वाचन भएको थियो। त्यो निर्वाचनमा एमाले र माओवादी मिलेर बनेको वाम गठबन्धन कुनै विदेशी शक्तिको जोडबलमा बनेको थियो भन्न संकोच मान्नुपर्ने अवस्था छैन। नेकपाभित्रको द्वन्द्व समाधान गर्न चिनियाँ टोली जुनस्तरमा दौडधूप गरेका थिए, त्यो कुनै पनि कोणबाट शोभनीय थिएन। राष्ट्रियताको मुख्य स्रोत राजनीति दलहरू हुन्छन्। ती राजनीतिक दलहरू नै विदेशीको डिजाइन अनुसार जुट्ने अथवा फुट्ने हो भने देशमा बाँकी के रहन्छ ? नेकपाभित्रको झगडा र चिनियाँ दूतको दौडधूप चलिरहेकै बेला भानुभक्त जयन्तीको अवसरमा ओलीले 'राम' नेपालको ठोरीमा जन्मेको ठोकुवा गरदिए।

यो ठोकुवापछि ओलीको आलोचना र समर्थनको लहर चलेको थियो। तर, उक्त अभिव्यक्तिभित्र लुकेको सन्देश कसैले बुझ्न सकेनन्। उनले प्रस्ट सन्देश दिएका थिए- 'भारत र नेपालका रामभक्त एक हौं।' त्यो अभिव्यक्ति लगत्तै २०७७ कात्तिक ५ गते 'रअ' प्रमुख सामन्त गोयल मध्यरातमा बालुवाटार प्रवेश गरेका थिए। उनको मध्यरातमा भएको बालुवाटार भ्रमणले नेपालको राजनीतिक कोर्ष नै परिवर्तन गरिदियो। गोयल बालुवाटार भ्रमण गरेको ठीक ६० दिनपछि अर्थात् पुस ५ गते ओलीले संविधानमा उल्लेख नभएको प्रावधान प्रयोग गर्दै संसद् विघटन गरे। अध्यादेश मार्फत संवैधानिक आयोगमा आफ्ना खल्तीका मानिसहरूलाई नियुक्ति गरे।

यो अवस्थालाई सत्ता कब्जा भनिन्छ। कोरोनाको कहरमा जनता रोग, भोक र शोकले आक्रान्त भइरहेको बेला करोडौं खर्च गरेर ठोरीको रामलाई खुसी बनाउने योजना बनाउँदै थिए। मार्क्सका अनुयायी पूर्णरूपमा गोयलको मन्त्र अनुसार रामभक्तमा रूपान्तरण भइसकेका थिए। पशुपतिमा सुनको जलहरी चढाउन थालेका थिए। तर, विडम्बना ओलीको योजना अदालतले तुहाइदियो। संसद् विघटनको निर्णय अदालतले उल्टाइदियो। संसद् पुनःस्थापना भएको थियो। एउटा योजनामा धोका खाएको ओली फेरि अर्को योजनामा सफलता प्राप्त गर्‍यो। २०७७ फागुन २३ मा अदालतले नेकपाको विभाजनको फैसला सुनाउँदै एमाले र माओवादी ब्युँत्याइदियो। जुन ओलीको भित्री इच्छा पनि थियो। खेल फेरि ओलीको हातमा आएको थियो। त्यसपछि उनको क्रियाकलाप संसद् पङ्गु बनाउनुमा थियो, कामविहीन बनाइएको थियो। माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थिएन। ओलीले संसद्लाई पुनः वध गर्ने योजना अनुरूप विश्वासको मत लिने अग्रसरता देखाएका थिए। उनी विश्वासको मत लिन सकेनन्।

सभ्य मुलुकका नेताहरू यस्तो अवस्थामा राजीनामा दिएर मार्ग प्रशस्त गर्छन्। तर, ओली पुनः संविधानको धारा ७६(३) अनुसार प्रधानमन्त्री नियुक्त भए। नियुक्ति भएको ३० दिनभित्र संसद्बाट विश्वास मत लिनुपर्नेमा उनले सार्वजनिक रूपमै आफूसँग बहुमत नभएको घोषणा गरेका थिए। तर, उनी धारा ७६(५)को जालझेल षड्यन्त्र रच्दै पुनः २०७८ जेठ ८ मा मध्यरातमा संसद् विघटनको सिफारिस गरे, अनि राष्ट्रपति विद्यादेवी भण्डारीले पनि तत्कालै अनुमोदन गरिन्। उनले आफ्नो मिसन अनुसार नै संसद् विघटन गरेका थिए। जुन मुद्दा फेरि अदालतमा विचाराधीन छ। ओलीलाई गोयलले दिएको मन्त्रको अर्को असर जसपामा देखियो। रामभक्त ओलीको हनुमान महन्थ ठाकुर बनेका छन्। ओली-सत्ता जोगाउन महन्थले आफ्नो दल समेत फुटाउन तयार भए। मन्त्रिपरिषद् पुनर्गठन गरियो, जहाँ संसद्मा ३२ सिट भएको जसपालाई ११ मन्त्रालयबाट पुरस्कृत गरिएको छ। आफ्नै दल एमालेका वरिष्ठ नेताहरूलाई पनि ओलीले पाखा लगाएका छन्। नेपालका राजनीतिक दलहरूसँग अदालतको फैसलाको प्रतिक्षा गर्नुको विकल्प छैन। अदालतको फैसला ओलीको पक्षमा आए पनि अथवा नआए पनि निश्चित के छ भने सामन्तहरूको साथ पाएको ओलीले संविधान र लोकतन्त्रमाथि झनै कडा प्रहार गर्न कुनै कसर बाँकी राख्ने छैनन्।



**याङमा क्षेत्रमा फूलेको सुनपाती :** समुद्री सतहदेखि चार हजार चार सयको उचाइमा रहेको ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-७, याङमा क्षेत्रमा फूलेको सुनपाती । **तस्वीर : रासस**

# बास्मती धानको व्यावसायिक खेती

**झापा, असार २१।** पकाउँदा र भोजन गर्दा समेत मगमग बास्ना चल्ने स्वादिस्ट बास्मती चामललाई संरक्षण गर्ने ध्येयले राष्ट्रिय खाद्य बैंक कम्पनीले मुलुकका विभिन्न जिल्लामा बास्मती धानको व्यावसायिक खेती शुरुवात गरेको छ ।

झापा, कैलाली, बर्दिया र कास्की लगायतका जिल्लामा यस वर्ष पाँच सय विगाह जग्गा भाडामा लिएर कम्पनीले बास्मती धानको बीऊ रोप्न शुरुवात गरेको कम्पनीका अध्यक्ष शंकरनाथ उप्रेतीले बताए । कम्पनीले झापाको गौरादह नगरपालिका वडा नं. २ र ७ मा ५० बिगाह जग्गा लिजमा लिएर बास्मती धानको खेती शुरु गरेको छ। सयभन्दा बढी रोपाहार लगाएर परम्परागत रुपमै धुमधामका साथ रोपाइ गरेको थियो ।

स्थानीय १३ किसानको पाँच बिगाह जमिन प्रति बिगाह वार्षिक ३५ हजार रुपैयाँका दरले भाडामा लिइएको उनले जानकारी दिए । आगामी वर्षदेखि झापामै सयौ बिगाहमा बास्मती धानको खेती विस्तार गर्ने योजना रहेको उनले जानकारी दिए । कम्पनीको झापाका संयोजक धनञ्जय चुँडालका अनुसार गौरादहमा कालो नुनिया, हुलास बास्मती, हाइब्रिड कालो नुनिया र रैथाने बास्मतीको बीऊ रोपिएको छ ।

स्थानीय डिल्लीप्रसाद सेढाईंले कम्पनीलाई चार बिगाह जग्गा भाडामा दिइको जानकारी दिए । विगतमा आफूले उत्पादन गरेको धान समयमै बिक्री नहुने, विचौलियाका कारण सस्तो मूल्यमा बेच्नुपर्ने, खेतीमा मजदुर नपाउने आदि कारणले हैरान भइरहेको अवस्थामा कम्पनीले जग्गा लिजमा लिँदा खुशी लागेको प्रतिक्रिया दिए । यस बर्ष कम्पनीले परम्परागत रुपमै खेती गरेको कारण



खेत जोत्न, बीऊ उखेल्न र रोपाई गर्न स्थानीयबासीले नै रोजगारी पाएका छन् । अर्को सालदेखि यान्त्रिकीकरण गरेर खेती गरिने कम्पनीले जनाएको छ ।

कृषिको उत्पादन, भण्डारण र बिक्रीवितरण आफैंले गर्ने नीति अनुरुप देशैभर धानखेती गर्ने यो पहिलो कम्पनी हो । जिल्लामा कूल ८७ हजार पाँच सय हेक्टर क्षेत्रमा धानखेती भइरहेको छ । ती मध्ये ६ देखि ७ प्रतिशत मात्र बास्मती धानको खेती हुँदै आएको कृषिज्ञान केन्द्रका विज्ञ शालिकराम भट्टराईले जानकारी दिए । अन्य धानको तुलनामा यसको उत्पादन कम हुने र पाक्ने समय पनि बढी हुने हुँदा किसानहरुको यसप्रति खासै रुची नभएको उनको भनाइ छ ।

'पुराना र धनाढ्य किसानले मात्र बासमति धानको खेती गरिरहेका छन् ।' -उनले भने- 'अरु धान पाक्दा यो धान पसाउन मात्र शुरु गर्छ । मगमग बासना धेरै आउने हुँदा किराहरु बढी लाग्ने र उत्पादकत्व घट्ने हुँदा व्यावसायिक किसानले यसको खेती गर्दैनन् ।' रोपेको एक सय २० दिनमा मन्सुली लगायतका धान पाक्ने भए पनि बास्मती धान एक सय ५० दिनमा मात्र पाक्ने उनको भनाइ छ ।

थोरै भए पनि झापाको पूर्वोत्तर क्षेत्र बाहुनडाँगी र दक्षिण क्षेत्रमा बास्मति धानको खेती हुने गरेको छ । तर, राष्ट्रिय खाद्य बैंकले जिल्लामा गरिरहेको बास्मति धानको खेतीबारे कृषिज्ञान केन्द्रमा कुनै पनि जानकारी नआएको बताए । दुई अर्बको पुँजी रहेको खाद्यान्न बैंकका ७७ वटै जिल्लामा कार्यालय रहेको र मुलुकका सात सय ५३ वटै स्थानीय तहमा कार्यक्षेत्र रहेको अध्यक्ष उप्रेती बताए ।

कृषि, माटो, वनस्पति, वातावरण, पर्यटन तथा जलस्रोत विज्ञहरु, कृषि प्राविधिक र कोरिया, जापान, चीनबाट कृषि तालिम लिएका अनुभव प्राप्त व्यक्तिहरुको संयुक्त लगानीमा यो बैंकको स्थापना गरिएको उनको दाबी छ । बैंकमा हालसम्म पाँच सय ८७ जना प्रमोटर शेयर सदस्य रहेको र निकट भविष्यमै यसले एक हजार शेयर सदस्य पुऱ्याउने लक्ष्य लिएको छ ।

झापा, मोरङ र सुनसरीका लागि नमूना परियोजनाका रुपमा गौरादहमा यसले धानखेती गरेको जनाएको छ । अन्य प्रजातिको धानको तुलनामा बास्मती धानमा पोषक तत्वको मात्रा बढी हुने हुँदा यसको खेती गरिएको उनले बताए । उनका अनुसार फुड एण्ड न्यूट्रिसनको बारेमा जानकारी दिलाउने, पोषणयुक्त खानेकुरा उत्पादन गर्ने र अर्ग्यानिक कृषि उपजहरु उत्पादनमा लगाउने बैंकको मुख्य लक्ष्य रहेको छ । लाखौंलाई रोजगार दिने र परनिर्भरतालाई घटाएर मुलुकलाई कृषिउपजमा आत्मनिर्भर बनाउने उनले बताए । रासस

# स्वास्थ्यकर्मीको मनोबल बढाउँदै हिलिहाङ

**पाँचथर, असार २१।** जिल्लाको हिलिहाङ गाउँपालिकाले नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रममा स्वास्थ्यकर्मीहरुको मनोबल बढाउने कार्यक्रम ल्याएको छ ।

कोभिड-१९ संक्रमणको महामारीविरुद्ध अग्रभागमा खटिएका स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्दै गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन हौसला बढाउने उद्देश्यसहित गाउँपालिकाले स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरुको सुविधा बढाएको छ ।

गाउँपालिकाले करार सेवामा काम गर्दै आएका स्वास्थ्यकर्मीहरुको तलब एकैसाथ सात हजार रुपैयाँका दरले वृद्धि गरेको छ । सामुदायिक स्वास्थ्य एकाइहरुमा कार्यरत करार सेवाका स्वास्थ्यकर्मीहरुले हाल मासिक १८ हजार रुपैयाँ तलब पाउँदै आएकामा गाउँपालिकाले उक्त तलब वृद्धि गरी २५ हजार रुपैयाँ पुऱ्याएको छ । यस्तै स्वास्थ्य संस्थाहरुमा करारमा कार्यरत कार्यालय सहयोगीहरुको तलब नौ हजार छ सय रुपैयाँबाट वृद्धि गरी मासिक १५ हजार रुपैयाँ पुऱ्याइएको छ ।

गाउँपालिकाले महिला स्वास्थ्य स्वयम्सेविकालाई समुदायमा परिचालित हुन उत्प्रेरित गर्न खाजा तथा पोशाक खर्चका रूपमा वार्षिक २४ हजार रुपैयाँका दरले सुविधा उपलब्ध गराउने विषयलाई समेत नीति तथा कार्यक्रममा समेटेको छ । हिलिहाङले गत वर्षदेखि नै महिला स्वास्थ्य स्वयंसेविकालाई बढी सुविधा दिई उत्प्रेरित गरेको भनी प्रसंशा हुने गरेको छ ।

गाउँपालिकाले अन्य स्वास्थ्यकर्मी तथा कर्मचारीलाई भने विगतदेखि नै दिइँदै आएको प्रोत्साहन भत्ता उपलब्ध गराउने भएको छ । गाउँपालिकाले स्वास्थ्य बीमा कार्यक्रमको पहुँच विस्तारका लागि तीन लाख रुपैयाँ बजेट छुट्याएको छ । स्वास्थ्य बीमा कार्यक्रममा सामेल हुन चाहने तर दर्ता शुल्क बुझाउन नसक्ने गाउँपालिकाबासीका लागि उक्त बजेट छुट्याइएको हो ।

हिलिहाङले आगामी वर्ष आवश्यकता अनुसार वडाहरुमा स्वास्थ्य शिविर सञ्चालन गर्न समेत बजेट विनियोजन गरेको छ । संक्रमितको पहिचान, कोभिड-१९ को नियन्त्रण, रोकथाम तथा उपचार र यस्तै प्रकारका महामारीविरुद्ध लड्न गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा ८५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको गाउँपालिकाका अध्यक्ष भुवानीप्रसाद लिङ्देनले जानकारी दिए । त्यस्तै यस गाउँपालिकाले महामारीका समयमा दीर्घरोगीहरुलाई अत्यावश्यक औषधिहरुको निःशुल्क वितरणका लागि समेत बजेटको प्रबन्ध गरेको छ ।

# सुकेटार विमानस्थलमा नियमित उडान शुरु



**ताप्लेजुङ, असार २१।** ताप्लेजुङ जिल्लाको सुकेटार विमास्थलमा सोमबारदेखि नियमित नेपाल वायु सेवा निगमले उडान शुरु गरेको छ ।

कोभिडका कारणले नियमित उडान दुई महिना बन्द भएको थियो । सोमबार काठमाडौंबाट नौ यात्रु लिएर आएको विमान मौसम खराबीका कारण अवतरण हुन नसकेको सुकेटार विमानस्थलका स्टेशन इञ्चार्ज लोकेन्द्र लिम्बूले बताए । १२ मिनेटभन्दा बढी अवतरणको प्रयास गर्दा पनि मौसमका कारणले अवतरण हुन नसकेर काठमाडौंमै फर्किएको जनाइएको छ ।

ताप्लेजुङबाट १२ यात्रु काठमाडौं जानका लागि बुकिङ गरेर सुकेटार विमानस्थलसम्म पुगेका थिए । मौसमका कारणले विमान अवतरण हुन नसक्दा पूर्न फुङ्लिङ बजार फर्किएको लिम्बूले बताए । सुकेटारमा हप्तामा चार दिन ( सोमबार, बुधबार, शुक्रबार र शनिबार) नियमित उडान हुने सुकेटार विमानस्थल कार्यालयले जनाएको छ ।

तत्कालका लागि काठमाडौंदेखि ताप्लेजुङसम्म सात हजार ५० रुपैयाँ र ताप्लेजुङदेखि काठमाडौं सात हजार एक सय ९० रुपैयाँ भाडा शुल्क तोकिएको सुकेटार विमानस्थल कार्यालयले जनाएको छ । निगमले ताप्लेजुङदेखि प्रदेश नं. १ राजधानी विराटनगरमा पनि नियमित उडानका लागि प्रक्रिया अगाडि बढाइरहेको बताइएको छ ।

# पहिरोबाट क्षति

**झापा, असार २१।** संखुवासभाको सिलिचोङ गाउँपालिका-१ सिसुवाखोलाको तेन्छोङमा पहिरोबाट एक घर पुरिएको छ । अविरल वर्षासँगै आएको पहिराले एक घरमा क्षति पुग्नुका साथै ८० वर्षीय छत्तीसकुमार घाइते हुनुभएको वडाध्यक्ष अलक्षकुमार राईले बताए ।

घरमाथिबाट आएको पहिराले माथिल्लो तेन्छोङका उनको घर पूर्णरुपमा क्षति भएको छ । घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भइरहेको छ । उनको टाउको र अनुहारमा चोट लागेको छ । पहिरोबाट उनको श्रीमती सुखमाया राई र नातिनी भागेर बाँच्न सफल भएको वडाध्यक्ष राईले जानकारी दिइन् ।

# लोकसेवाको परीक्षा खुलाउन माग

**इलाम, असार २१।** इलामको महेन्द्ररत्न बहुमुखी क्याम्पसमा लोकसेवा आयोगको परीक्षा सुनिश्चित नहुँदा विद्यार्थीहरु समस्यामा परेका छन् ।

लोकसेवा परिक्षाको सुनिश्चितताको माग गर्दै उनीहरु हाल आन्दोलनमा उत्रिएका छन् । लाखौं रुपैयाँ खर्चेर अध्ययन गरे पनि लोकसेवा आयोगको परीक्षामा भिड्न नपाउने र स्नातक गरेको विषयमा थप पढाइमा कठिनाइ भएको भन्दै महेन्द्ररत्न बहुमुखी क्याम्पसस्थित बीएस्सी बागवानीका विद्यार्थी आन्दोलनमा उत्रिएका हुन् । बिएस्सी बागवानीका विद्यार्थीले मापदण्ड पुगेका कृषि सेवा समूह बागवानी, कृषि प्रसार, बाली संरक्षण, माटो विज्ञान र बाली विकासमा लोकसेवा आयोगको सुनिश्चितता हुनुपर्ने मागसहित आन्दोलित भएका हुन् ।

महेन्द्ररत्न बहुमुखी क्याम्पसमा २०६९ सालदेखि बागवानी विषय अध्यापन हुँदै आएको छ । यो समस्या पहिलादेखि कै भए पनि हालसम्म माग सुनुवाइ नहुँदा र चार ब्याच अध्ययन भइसक्दा समेत कसैले पनि चासो नदेखाएकोमा उनीहरुको दुखेसो छ ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## मोटरसाइकल हराएको सूचना

यही मिति २०७८ असार १९ गते बिर्तामोड वार्ड नं. २ श्रीहरी टोलस्थित आफ्नै घरको बरन्डामा पार्किङ्ग गरी राखेको बजाज कम्पनीको १५० सीसीको पल्सर, इञ्जीन नं. DHYRLM92072, चेसीस नं. MD2A77CY5LPM46045 भएको प्रदेश नं. १-०१-०१३प४८५ नं. को रातो-कालो रंगको पल्सर मोटरसाइकल हराइरहेको हुँदा देख्नु वा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको फोन नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**बेनुप्रसाद सेलुवाल**
**सम्पर्क : ९८१५००५२५२**


## श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूह
अर्जुनधारा नगरपालिका-३, झापा
## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति: २०७८/०३/२२*

श्री जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगद्दीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना पूर्वाञ्चल पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र शिलबन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपशिल**
**१ वन पैदावारको विवरण :**

| वन पैदावारको | | | | | | मूल्याङ्कन | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | लट न./पायल | जात | किसिम | थान | परिमाण | न्युनतम | कटान खर्च |
| १ | ३/१६ | साल | गोलीया | ४७ | ५३४.३४ | १३,३५,८५०। | १०६,८६८। |
| २ | ३/१७ | साल | गोलीया | ३३ | २९८.३५ | ७४५,८७५। | ५९,६७०। |
| ३ | ३/२२ | साल | गोलीया | ४५ | ५५८.५८ | १३,९६,४५०। | १११,७१६। |
| ४ | ३/२३ | साल | गोलीया | ९५ | ११०६.३४ | २७,६५,८५०। | २२१,२६८। |
| ५ | ३/१८ | साल | गोलीया | ४१ | ४९६.६६ | १२,४१,६५०। | ९९,३३२। |

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :
क) अन्तिम मिति : २०७८/०४/११ ख) समय : ४:०० बजेसम्म
३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको एक्सल बैंकमा बैक लि.मा रहेको ०२९००२०००९८०२३००००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।
४. बोलपत्र फारम प्रति लटको रु. २०००। पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह जिल्ला वन कार्यालय तथा सेक्टर वन कार्यालयबाट खरिद तथा दाखेला गर्न सकिने छ ।
५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र जुकेखाडी सामुदायिक वन उपभोक्ता समूहको अर्जुनधारा-३ मा रहेको घाटगद्दीमा स्थलमा गई हेर्न सकिनेछ ।
६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०७८/०४/१२ मा ३:०० बजे समूहका पदाधिकारी, बोल पत्र दाता प्रतिनिधि, वनका प्रतिनिधि समेतको रोहवरमा खोलिने छ ।
८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।
९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।
१०. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।
विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५२६७३३२४, ९८४२७०१३१६**


## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट् फोन झट् सेवा'




सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा



बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## चिनारी राजश्व सेवा सेन्टर

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता ।*

**विराट गोर्खा सेक्युरिटी प्रा. लि.**
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रतिक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ । विभिन्न भौतिक साधन जुटाउने अवसर मिल्नेछ । धन लाभ हुनाले सोख पूरा गर्न सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** दिउँसोदेखि सहयोगीहरू जुट्नाले दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ । रोकिएका काम बन्नेछन् भने फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** उद्योग र व्यापारमा विशेष लाभ हुनेछ । बलभन्दा बुद्धिको उपयोगले बढी फाइदा दिलाउनेछ । यात्राको सम्भावना देखिएको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** विभिन्न अवसरले पछ्याउनेछन् भने ज्ञान, कला र व्यक्तित्वमा निखारता आउनेछ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पारिवारिक जमघटका बीच स्वादिष्ट खानपानको अवसर प्राप्त हुनेछ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** दिउँसोदेखि परिस्थिति केही कमजोर बन्न सक्छ । विवादास्पद कामको जिम्मेवारी आउनेछ भने फजुल खर्च पनि बढ्ने सम्भावना छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** खर्च लागे पनि प्रयत्न गर्दा काममा सकारात्मक संकेत प्राप्त हुनेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** मेहनतीहरूका लागि दिन फलदायी रहनेछ । आजको श्रमबाट पछिलाई फाइदा हुनेछ । दिउँसोदेखि पारिवारिक भेटघाटले खुशियाली छाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** नयाँ योजना थाल्ने समय आएको छ । तर, अरूको भरपर्दा काम बिग्रन सक्छ । आगन्तुकले पनि अलमल्याउन सक्छन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनत गर्दा आम्दानीका स्रोत फेला पर्नेछन् । आवश्यक भौतिक साधन सजिलै जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । खर्च बढ्नाले अर्थ अभाव हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** आवश्यकता पूरा गर्न सरसापट वा ऋण लिनुपर्ने हुन सक्छ । सोखले फजुल खर्च बढाउनेछ । आँटेको काममा बाधा हुन सक्छ ।